संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - ४५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल साउन ६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठकको प्रारम्भमै मा० डा० मिनेन्द्र प्रसाद रिजालले वि.पी. स्मृति दिवसको अवसरमा नेपालको पहिलो संसदको नेताको रुपमा रहनुभएका वि.पी. का सम्बन्धमा विभिन्न व्यक्तिहरुले भनेका भनाईहरु उदृत गर्दै आज उहाँको स्मृति दिवसको अवसरमा संसदले उहाँलाई सम्झिनुपर्दछ भन्नुभयो ।

त्यसपछि मा० गृह मन्त्री श्री बालकृष्ण खाणले "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथिको दफावार छलफल सदनमा गरियोस्" भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले उक्त विधेयकमाथि मा० सदस्यहरुबाट एकल तथा संयुक्त रुपमा संशोधन प्रस्तावहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात निम्नलिखित संयुक्त संशोधनका मूल संशोधनकर्ता एवं संशोधनकर्ता मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री कृष्णप्रसाद दाहाल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री गंगा चौधरी (सत्गौवा)
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री बिमला बि.क.
८. मा० श्री नरबहादुर धामी
९. मा० डा० सूर्य प्रसाद पाठक
१०. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
११. मा० श्री विन्दा पाण्डे
१२. मा० श्री शान्तिमाया तामाङ (पाखिन)
१३. मा० श्री शेरबहादुर तामाङ
१४. मा० श्री विद्या भट्टराई
१५. मा० श्री यज्ञराज सुनुवार
१६. मा० डा० भीम बहादुर रावल
१७. मा० श्री लालबाबु पण्डित
१८. मा० श्री यज्ञबहादुर बोगटी
१९. मा० श्री गणेश कुमार पहाडी
२०. मा० श्री कृष्णबहादुर राई
२१. मा० श्री सुजिता शाक्य
२२. मा० श्री विना कुमारी श्रेष्ठ
२३. मा० श्री झपटबहादुर रावल
२४. मा० श्री लक्ष्मी कुमारी चौधरी
२५. मा० श्री सरीता न्यौपाने
२६. मा० श्री रामकुमारी झांक्री
२७. मा० श्री बृजेश कुमार गुप्त
२८. मा० श्री अञ्जना विसंखे
२९. मा० श्री खेमप्रसाद लोहनीको तर्फबाट मा० श्री विमला विश्वकर्मा
३०. मा० श्री देवप्रसाद गुरुङ्ग

त्यसपछि उक्त विधेयकमाथिको दफावार छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री निरुदेवी पाल
२. मा० श्री गिरिराजमणि पोखरेल
३. मा० श्री पूर्ण कुमारी सुवेदी
४. मा० श्री हृदयेश त्रिपाठी
५. मा० श्री नवराज सिलवाल
६. मा० श्री चन्दा चौधरी
७. मा० श्री यशोदा गुरुङ्ग सुवेदी
८. मा० श्री सत्य पहाडी
९. मा० श्री रेखा शर्मा
१०. मा० श्री अमृता थापा
११. मा० श्री शक्तिबहादुर बस्नेत
१२. मा० श्री पदम गिरी
१३. मा० श्री नविना लामा
१४. मा० श्री मिनबहादुर विश्वकर्म
१५. मा० श्री आशा कुमारी वि.क.
१६. मा० श्री लक्ष्मणलाल कर्ण
१७. मा० श्री सुरेश चन्द्र दास
१८. मा० श्री गजेन्द्र बहादुर महत
१९. मा० श्री अतहर कमाल मुसलमान
२०. मा० श्री रामेश्वर राय यादव
२१. मा० श्री प्रमोद साह
२२. मा० श्री अभिषेक प्रताप शाह
२३. मा० श्री कु. तुल्सी थापा
२४. मा० श्री समिना हुसेन
२५. मा० श्री गोमा देवकोटा
२६. मा० श्री सञ्जय कुमार गौतम
२७. मा० श्री लिलादेवी सिटौला
२८. मा० श्री ईन्दु कुमारी शर्मा

२९. मा० श्री देवेन्द्र राज कंडेल
३०. मा० श्री मायादेवी न्यौपाने
३१. मा० श्री विष्णु शर्मा
३२. मा० श्री रामबाबु कुमार यादव
३३. मा० श्री निरा देवी जैरु
३४. मा० श्री दिल कुमारी
३५. मा० श्री चाँदतारा कुमारी
३६. मा० श्री कलिला खातुन
३७. मा० श्री शान्ता चौधरी
३८. मा० डा० पुष्पा कुमारी कर्ण कायस्त
३९. मा० श्री पार्वती कुमारी विशुन्के
४०. मा० श्री सरिता कुमारी गिरी
४१. मा० डा० मिनेन्द्र प्रसाद रिजाल
४२. मा० श्री गगन कुमार थापा

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि नेपाल सरकारको तर्फबाट स्वीकार गरिएका संशोधनहरुको सम्बन्धमा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथि मा० गृह मन्त्री श्री बालकृष्ण खांणले जवाफ दिने क्रममा नेपाल सरकारको तर्फबाट स्वीकार गर्नुभएको संशोधनहरु बाहेकका संशोधन प्रस्तावहरु फिर्ता लिन समय दिनुहुँदा निम्नलिखित मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमबाट अस्वीकृत भयो ।

१. मा० श्री दुर्गा पौडेल
२. मा० श्री कृष्णप्रसाद दाहाल
३. मा० श्री प्रेम सुवाल
४. मा० श्री खगराज अधिकारी
५. मा० श्री गंगा चौधरी (सत्गौवा)
६. मा० श्री घनश्याम खतिवडा
७. मा० श्री बिमला बि.क.
८. मा० श्री नरबहादुर धामी
९. मा० डा० सूर्य प्रसाद पाठक
१०. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
११. मा० श्री विन्दा पाण्डे
१२. मा० श्री शान्तिमाया तामाङ (पाखिन)
१३. मा० श्री शेरबहादुर तामाङ
१४. मा० श्री विद्या भट्टराई
१५. मा० श्री यज्ञराज सुनुवार
१६. मा० डा० भीम बहादुर रावल
१७. मा० श्री लालबाबु पण्डित
१८. मा० श्री यज्ञबहादुर बोगटी
१९. मा० श्री गणेश कुमार पहाडी
२०. मा० श्री कृष्णबहादुर राई
२१. मा० श्री सुजिता शाक्य
२२. मा० श्री विना कुमारी श्रेष्ठ
२३. मा० श्री झपटबहादुर रावल
२४. मा० श्री सरीता न्यौपाने
२५. मा० श्री बृजेश कुमार गुप्त
२६. मा० श्री विमला विश्वकर्मा

त्यसैगरी सम्माननीय सभामुखले मा० श्री कृष्णभक्त पोखेलले आफ्नो संशोधन प्रस्ताव प्रस्तुत नगर्नुभएको र निम्नलिखित मा० सदस्यहरुले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिनुभएकोले निर्णयार्थ प्रस्तुत गरिरहनु नपर्ने व्यहोरा जानकारी गराउनु भयो ।

१. मा० श्री लक्ष्मी कुमारी चौधरी
२. मा० श्री रामकुमारी झांक्री
३. मा० श्री अञ्जना विसंखे
४. मा० श्री देवप्रसाद गुरुङ्ग

त्यसपछि सम्माननीय सभामुखले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” माथिको छलफलको जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको संशोधनहरुलाई स्वीकृतीको लागि निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० गृह मन्त्री श्री बालकृष्ण खांणले जवाफ दिने क्रममा सरकारको तर्फबाट स्वीकार गर्नुभएको स्वीकृत संशोधनहरु “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले विधेयकको दफा २ देखि ५ सम्म “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

त्यसपछि सम्माननीय सभामुखले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनु हुँदै “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९” को अंग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले “नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ लाई पारित गरियोस्” भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल साउन ८ गते आइतबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक बेलुका ८:१५ बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव